भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

सत्यमेव जयते

आज़ादी का अमृत महोत्सव

G20 भारत 2023 INDIA

# समाचार पत्र

# नेपालमा भारतका झलकहरु

नेपाल-भारत सहयोग
NEPAL-INDIA COOPERATION

## अन्तर्राष्ट्रिय योग दिवस–२०२३
## एक महिना लामो उत्सव




नवौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय राजदूतावास, काठमाडौंले पोखरा महानगरपालिका, नेपाल पर्यटन बोर्ड र पतञ्जली योगपीठ नेपालसँगको सहकार्यमा मिति २०८० आषाढ ६ गते पोखरा रंगशालामा एक सार्वजनिक योग कार्यक्रमको आयोजना गर्यो । यस वर्षको अन्तर्राष्ट्रिय योग दिवसको नारा "वसुधैव कुटुम्बकमका लागि योग" अर्थात "एक विश्व, एक परिवार, सबैको कल्याणका लगि योग" रहेको छ । नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती, गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डे, पोखरा महानगरपालिकाका माननीय मेयर श्री धनराज आचार्य र सो क्षेत्रका २००० भन्दा बढी योग पारखीहरुको सो कार्यक्रममा उपस्थिति थियो ।

थप जानकारी...

# लुम्बिनी सांस्कृतिक नगरपालिकामा अन्तर्राष्ट्रिय योग दिवस मनाइयो





अन्तर्राष्ट्रिय योग दिवसको आठौं वार्षिकोत्सवको अवसरमा भारतीय राजदूतावास, काठमाडौंले नेपाल पर्यटन बोर्ड, लुम्बिनी विकास कोष र पतञ्जली योगपीठ नेपालसँगको सहकार्यमा लुम्बिनी सांस्कृतिक नगरपालिकाको गुम्बाक्षेत्रमा एक सार्वजनिक योग कार्यक्रमको आयोजना गर्यो । नेपाल सरकारका माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती, लुम्बिनी प्रदेशका माननीय मुख्यमन्त्री श्री डिल्ली बहादुर चौधरी, लुम्बिनी विकास कोषका सदस्य र सो क्षेत्रका ३०० भन्दा बढी योग पारखीहरुको सो कार्यक्रममा उपस्थिति थियो ।

थप जानकारी...

---

# वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासद्वारा योग सत्रको आयोजना





वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले चितवन उद्योग वाणिज्य संघ, चितवन आर्ट अफ लिभिङ र नेपाल–भारत मैत्री संघ चितवनसँगको सहकार्यमा मिति २०८० आषाढ २ गते चितवनको भरतपुरमा नारायणी नदीको किनारमा एक योग सत्रको आयोजना गर्यो । भरतपर महानगरपालिकाका माननीय मेयर रेनु दाहाल सो कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो । उक्त योग कार्यक्रममा ७०० भन्दा बढीको उपस्थिति थियो ।

June 2023 © Embassy of India, Kathmandu.

## भारतीय महावाणिज्य दूतावास, वीरगञ्जले अन्तर्राष्ट्रिय योग दिवस–२०२३ मनायो





वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले मिति २०८० आषाढ ६ गते वीरगञ्जको शंकराचार्य गेटमा एक कार्यक्रमको आयोजना गरी नवौं अन्तर्राष्ट्रिय योग दिवस–२०२३ मनायो । मधेस प्रदेशका माननीय वन तथा वातावरण मन्त्री श्री रमेश प्रसाद कुर्मी सो कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो । सो कार्यक्रममा ४५० भन्दा बढी मानिसको उत्साहजनक उपस्थिति थियो ।

---

## पोखरा र धरानस्थित पेन्सन क्याम्पमा अन्तर्राष्ट्रिय योग दिवस–२०२३ मनाइयो






भारतीय राजदूतावासको पोखरा र धरानमा रहेका पेन्सन क्याम्पले पनि २०८० आषाढ ६ गते नवौं अन्तर्राष्ट्रिय योग दिवस–२०२३ मनायो ।

June 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि !

## न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयमा मनाइएको अन्तर्राष्ट्रिय योग दिवसका झलकहरु



प्रधानमन्त्री श्री नरेन्द्र मोदीले नवौं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा २०८० आषाढ ६ गते न्यूयोर्कस्थित संयुक्त राष्ट्र संघको मुख्यालयको North Lawn मा आयोजित कार्यक्रमको नेतृत्व गर्नुभयो । सो कार्यक्रममा १३५ भन्दा बढी राष्ट्रका हजारौं योग पारखीको विशाल उपस्थिति थियो । हालसम्म सबैभन्दा बढी राष्ट्रका नागरिकको सहभागिताका भएको उक्त योग सत्रले गिनिज विश्व रेकर्ड बनाएको छ । संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसको भिडियो सन्देश पनि सो कार्यक्रमा प्रस्तुत गरियो ।

थप जानकारी...

June 2023 © Embassy of India, Kathmandu.

# विश्व वातावरण दिवस





विश्व वातावरण दिवसको अवसरमा भारतीय राजदूतावासले २०८० जेष्ठ २२ गते Mission LiFEStyle for Environment को सन्देश दिन केन्द्रीय विद्यालयका विद्यार्थीसँग मिली वृक्षारोपण कार्यक्रमको आयोजना गर्यो । सो अवसरमा राजदूतावासका नियोग उप–प्रमुख प्रसन्न श्रीवास्तवले वातावरण मैत्री जीवनशैली अपनाउन LiFE प्रतिज्ञा गराउनुभयो ।

---

# सांस्कृतिक साँझ 'नृत्याञ्जली'






भारतीय राजदूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० जेष्ठ २३ गते गण्डकी प्रदेशको पोखरामा 'नृत्याञ्जली' सांस्कृतिक साँझको आयोजना गर्यो । सो कार्यक्रममा सृष्टिकला स्कुल अफ फाइन आर्टस, बैंगलोरका कलाकारहरुले भरतनाट्यम नृत्य प्रस्तुत गरे । गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति र नेपाली सेना पश्चिम पृतनाका कमाण्डिङ्ग अधिकृतले उक्त कार्यक्रमको संयुक्त रुपमा उद्घाटन गर्नुभयो ।

## शिवाजी महाराजको राज्याभिषेक दिवस – भारत र नेपालका किल्लाहरुको फोटो प्रदर्शनी




शिवाजी महाराजको राज्याभिषेकको ३४९ औं वार्षिकोत्सवको अवसरमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले भारतीय दूतावास परिसरमा मिति २०८० आषाढ १ देखि २ गतेसम्म भारत र नेपालका किल्लाहरुको फोटो प्रदर्शनीको आयोजना गर्यो । भारतका किल्लाविद् श्री लिमये पराग र श्री अमोल विजय माण्डकेले भारतका प्रमुख किल्लाहरुबारे जानकारी दिनुभयो ।

---

## भारत–नेपाल साहित्य महोत्सव अन्तर्गत किताब विमोचन तथा समूहगत छलफल





भारतीय राजदूतावास, काठमाडौंले भारत–नेपाल साहित्य महोत्सवको एक हिस्साको रुपमा मिति २०८० आषाढ २ गते किताब विमोचन तथा समूहगत छलफलको आयोजना गर्यो । नेपाल प्रज्ञा प्रतिष्ठानका माननीय कुलपति श्री भूपाल राई सो कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो । सो अवसरमा भारतीय दूतावासको सहयोगमा प्रकाशित दुईवटा हिन्दी पुस्तकको विमोचन गरियो । वरिष्ठ साहित्यकार डा. गंगा प्रसाद अकेला सो कार्यक्रमको सम्मानित अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो । प्रतिष्ठत लेखक, शिक्षक तथा भाषाविद्को उक्त कार्यक्रमा सहभागिता थियो ।

## धादिङमा निर्मित आदर्श बहुमुखी क्याम्पसको उद्घाटन




नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेपाल–भारत विकास सहकार्य कार्यक्रम अन्तर्गत भारत सरकारको नेरु ४.१२ करोड अनुदानमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको रुपमा धादिङमा निर्मित आदर्श बहुमुखी क्याम्पसको मिति २०८० आषाढ ११ गते उद्घाटन गर्नुभयो ।

थप जानकारी...

---

## चिन्मय मिशनद्वारा ध्यान सम्बन्धि कार्यशाला सञ्चालन




स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८० आषाढ १५ गते भारतीय दूतावासमा ध्यान सम्बन्धि एक कार्यशालाको आयोजना गर्यो । चिन्मय मिशनका एसिया संयोजक श्री विजय शंकर मिश्रले उक्त कार्यशाला सञ्चालन गर्नुभयो ।

## "Resonance of Tripura" सांगीतिक कार्यक्रम





काठमाडौं विश्वविद्यालयको संगीत विभागका विद्यार्थीहरुले मिति २०८० आषाढ १ गते नेपाल–भारत पुस्तकालयमा आयोजित "Resonance of Tripura" नामक सांस्कृतिक साँझमा भारी दर्शक एवम् श्रोताको उपस्थितिमाझ नेपाली लोक, रक तथा भारतीय शास्त्रीय संगीतका सांगीतिक प्रस्तुती प्रस्तुत गरे ।

थप जानकारी...

---

# के तपाइलाई थाहा छ !

## भारतको अन्तरिक्ष क्षेत्रमा छलाङ्ग




भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले अन्तरिक्ष क्षेत्रमा भारतको क्षमतालाई विस्तार गर्न निरन्तर जोड दिदै आउनुभएको छ । अत्याधुनिक अन्तरिक्ष प्रविधिमा सक्रिय रुपमा लगानी गर्न र यसको उच्चतम उपयोगमार्फत अन्तरिक्ष कार्यक्रमका फाइदाको उपभोग गरी आर्थिक रुपमा कमजोर तथा औसत नागरिकको जीवन परिवर्तन गर्ने आवश्यकता प्रधानमन्त्री मोदीको नेतृत्वमा साकार भएको छ ।

थप जानकारी...

June 2023 © Embassy of India, Kathmandu.

भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# के तपाइलाई थाहा छ !

## #भारतका किल्ला र दरवार – रोहतासगढ किल्ला



विहार राज्यको कैमुर पहाडमा अवस्थित रोहतासगढ किल्लाको यात्रा गरी प्राकृतिक सुन्दरता र प्राचीन इतिहासको अनुपम संगमको मज्जा लिनुहोस् । यो गौरवमय किल्ला साहसिक र प्रकृति तथा सम्पदा प्रेमीहरुका लागि उत्कृष्ट गन्तव्यको रुपमा रहेको छ । यस किल्लाको भ्रमण गरी प्राचीन युगमा पुगेको अनुभव गर्नुहोस् ।

थप जानकारी...

---

# केही छुटाउनुभयो कि !

## भारत–नेपाल व्यापार सम्मेलन




नेपालका सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणको क्रममा नेपाल उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघले मिति २०८० जेष्ठ १८ गते नयाँ दिल्लीमा संयुक्त रुपमा भारत–नेपाल व्यापार सम्मेलनको आयोजना गर्यो ।

थप जानकारी...

June 2023 © Embassy of India, Kathmandu.

# केही छुटाउनुभयो कि !

## प्रधानमन्त्री मोदीको अमेरिका र इजिप्ट भ्रमण





प्रधानमन्त्री नरेन्द्र मोदीले मिति २०८० आषाढ ५ देखि १० गते सम्म अमेरिका र इजिप्टको छ दिने भ्रमण गर्नुभयो । अमेरिकाका राष्ट्रपति र इजिप्टका राष्ट्रपतिको निमन्त्रणामा प्रधानमन्त्री मोदीले अमेरिका र इजिप्टको औपचारिक राजकीय भ्रमण गर्नुभएको हो ।

थप जानकारी...

# केही छुटाउनुभयो कि !

## उत्तर प्रदेशको वाराणसीमा जी–२० राष्ट्रका विकास मन्त्रीहरुको बैठक




भारतको अध्यक्षतामा जी–२० राष्ट्रका विकास मन्त्रीहरुको बैठक मिति २०८० जेष्ठ २८ देखि ३० गते सम्म उत्तर प्रदेशको वाराणसीमा आयोजना भयो । भारतीय विदेशमन्त्री डा. एस. जयशंकरले उक्त बैठकको अध्यक्षता गर्नुभयो । बैठकको सुरुवातमा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भिडियोमार्फत विशेष सम्बोधन गर्नुभयो । सो बैठक भन्दा पहिले भारतले सन् २०२३ को जनवरीमा 'भ्वाइस अफ द ग्लोबल साउथ समिट' को आयोजना गरेको थियो । वाराणसी बैठकका निर्णयले आगामी सेप्टेम्बरमा न्यूयोर्कमा हुने दिगो विकास लक्ष्यका लागि संयुक्त राष्ट्र संघ शिखर सम्मेलनलाई सघाउ पुर्याउनेछ ।

थप जानकारी...